नेपाल उद्योग वाणिज्य महासंघ
Federation of Nepalese Chambers of Commerce & Industry
FNCCI

पत्र संख्या: एजिएम १ ५२/७४ ( ३ )

२०७४/११/२७

श्री सदस्य महानुभावहरू,
नेउवामहासंघ ।

**बिषय: नेपाल उद्योग वाणिज्य महासंघको ५२ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस-२०७४ को सूचना ।**

महोदय,

यस महासंघको विधान (छैठौं संशोधन) को दफा २५.३ अनुसार महासंघको **५२औं वार्षिक साधारण सभा यही २०७४ साल चैत्र २८ र २९ गते (April 11 &12, 2018) राष्ट्रिय सभा गृह, भृकुटीमण्डप, काठमाडौंमा** हुने भएको सहर्ष जानकारी गराउन चाहान्छु । चैत्र २८ गते ५२औं वार्षिक साधारण सभाको साथै उद्योग वाणिज्य दिवस-२०७४ को समुद्घाटन कार्यक्रम रहेको व्यहोरा समेत प्रस्तुत गर्दछु ।

यस अनुसार महासंघको ५२औं वार्षिक साधारण सभा सम्बन्धी भएका व्यवस्था एवं संक्षिप्त कार्यक्रम यसै साथ पठाएको छ । सो अनुसार ५२औं वार्षिक साधारण सभामा भाग लिन आवश्यक व्यवस्थाको लागि सादर अनुरोध गर्दछु ।

## १. ५२औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस-२०७४ को समुद्घाटन कार्यक्रम:

१.१ अध्यक्ष श्री भवानी राणाबाट स्वागत भाषण ।

१.२ प्रमुख अतिथिबाट ५२औं वार्षिक साधारण सभा, उद्योग वाणिज्य दिवस-२०७४ को समुद्घाटन एवं सम्बोधन ।

१.३ महासंघका सदस्य संघ/संस्था जिल्ला नगर उद्योग वाणिज्य संघ, वस्तुगत संघ एवं द्विराष्ट्रिय उद्योग वाणिज्य संघलाई कदर सम्मान प्रदान ।

१.४ वरिष्ठ उपाध्यक्ष श्री शेखर गोल्छाबाट धन्यवाद ज्ञापन ।

## २. ५२औं वार्षिक साधारण सभाको औपचारिक कार्यक्रम :

२.१ अध्यक्ष श्री भवानी राणाबाट सभालाई सम्बोधन र सो सम्बन्धि छलफल तथा अनुमोदन ।

२.२ महासचिव श्री सुरेश मान श्रेष्ठबाट महासंघको "वार्षिक प्रतिवेदन २०७४" प्रस्तुत र सो सम्बन्धि छलफल तथा अनुमोदन ।

२.३ कोषाध्यक्ष श्री ज्ञानेन्द्र लाल प्रधानबाट आ.व. २०७३/७४ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात एवं आय व्यय विवरण प्रस्तुत र सो सम्बन्धि छलफल तथा अनुमोदन ।

२.४ लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।

२.५ कार्यकारिणी समितिद्वारा प्रस्तुत प्रस्तावहरू उपर छलफल ।

## ३. सभामा प्रतिनिधित्व एवं प्रतिनिधि शुल्क:

३.१. ५२औं वार्षिक साधारण सभामा भाग लिने सम्बन्धमा महासंघको विधानको दफा २९(३) अनुसार जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघ, वस्तुगत संघ र द्विराष्ट्रिय उद्योग वाणिज्य संघ सम्बन्धमा अध्यक्ष स्वयं मुख्य प्रतिनिधि रहनु पर्नेछ। अध्यक्ष सभामा उपस्थित हुन नसक्ने भएमा सम्बन्धित संघको

क्रमशः .. २

P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg, Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 4262061, 4262218, 4266889
Cable : FEDERATION, Fax : 977-1-4261022, 4262007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ४२६२०६१, ४२६२२१८, ४२६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-४२६१०२२, ४२६२००७
इ-मेल : fncci@mos.com.np

STOP Child Labour

http://www.fncci.org

कार्यकारिणी समितिले आफू मध्येबाट छानेको व्यक्तिले मुख्य प्रतिनिधिको रुपमा प्रतिनिधिमण्डलको नेतृत्व गर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार सम्वन्धित संघको कार्यकारिणी समितिले गरेको निर्णयको प्रमाणित प्रतिलिपि प्रतिनिधिपत्र दर्ताको समयमा पेश गर्नु पर्नेछ ।

३.२ एशोसिएट सदस्यको हकमा सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष, सदस्यका साथै कार्यकारी सञ्चालक, कार्यकारी प्रमुख, महाप्रबन्धक वा नायव महाप्रबन्धक तहसम्मको जिम्मेवार व्यक्तिलाई मुख्य प्रतिनिधिको रूपमा मनोनयन गरी पठाउनु पर्नेछ ।

३.३ ५२औं वार्षिक साधारण सभामा भाग लिने प्रतिनिधिमण्डलको लागि भर्नु पर्ने प्रतिनिधि पत्र यसै साथ संलग्न छ । उक्त प्रतिनिधि पत्र वार्षिक साधारण सभा हुनु भन्दा **१ दिन अगाडि अर्थात यही २०७४ चैत्र २७ गतेभित्र** महासंघको सचिवालय टेकुमा पठाई सक्नु पर्ने छ ।

३.४ महासंघका सदस्य संघ संस्थाहरू जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघहरूबाट मुख्य प्रतिनिधि र अतिरिक्त प्रतिनिधि सहित ३ जनासम्म र वस्तुगत संघहरूबाट मुख्य प्रतिनिधि र अतिरिक्त प्रतिनिधि सहित २ जनासम्मको प्रतिनिधिमण्डल पठाउन सक्ने छन् । द्विराष्ट्रिय उद्योग वाणिज्य संघ र एशोसिएट सदस्यको हकमा १/१ जनाको प्रतिनिधिको व्यवस्था गरिएको छ ।

**३.५** वार्षिक साधारण सभामा भाग लिने प्रतिनिधिहरूको लागि प्रति व्यक्ति रु ४,०००।(चार हजार) प्रतिनिधि शुल्क लाग्ने छ ।

४. **वार्षिक सदस्यता शुल्क सम्बन्धमा**

४.१ ५२औं वार्षिक साधारण सभामा भाग लिनको लागि सदस्य संघ/प्रतिष्ठानहरूले आ.व. २०७४/७५ सम्मको वार्षिक सदस्यता शुल्क बुझाउनु पर्नेछ । उक्त वार्षिक सदस्यता शुल्कका साथै प्रतिनिधि पत्र, प्रतिनिधि शुल्क सबै सदस्य संघ/प्रतिष्ठानहरुले यही **२०७४ साल चैत्र २७ गतेसम्म** महासंघको सचिवालयमा बुझाउनु पर्ने छ ।

५. **प्रस्तावः**

५२औं वार्षिक साधारण सभामा पेश गर्ने प्रस्तावहरू महासंघको सचिवालयमा **२०७४ साल चैत्र १५ गते** भित्र आई पुग्ने गरी पठाउनु हुन अनुरोध छ ।

**संलग्नः**

१. महासचिवबाट प्रस्तुत हुने महासंघको वार्षिक प्रतिवेदन
२. महासंघको आ.व. २०७३/७४ को वासलात र लेखापरीक्षकको प्रतिवेदन
३. प्रतिनिधि पत्र थान १ (एक) ।

भवदीय,

( सुरेश मान श्रेष्ठ )
महासचिव

**बोधार्थः**

श्री अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री निवर्तमान अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री पूर्व अध्यक्ष एवं विशिष्ठ सदस्यज्यू, नेउवामहासंघ ।
श्री वरिष्ठ उपाध्यक्षज्यू एवं उपाध्यक्षज्यूहरू, नेउवामहासंघ ।
श्री कोषाध्यक्षज्यू, नेउवामहासंघ ।
श्री कार्यकारिणी समितिका सदस्यज्यूहरू, नेउवामहासंघ ।